*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. VI, January 2025
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli
https://www.nepjol.info/index.php/sij

# विद्यार्थीको दृष्टिकोणमा प्रभावकारी शिक्षक

**भागीरथा न्यौपाने**
त्रिभुवन विश्वविद्यालय, सानोठिमी क्याम्पस, नेपाल
इमेल:neupanebhagiratha@gmail.com

**Article History**: ***Received:*** 30 June 2024; ***Reviewed:*** 30 November 2024; ***Accepted:*** 10 December 2024

**लेखसार**

*कसरी शिक्षण गर्ने शिक्षकलाई विद्यार्थीले रुचाउँछन् भन्ने जिज्ञासाका आधारमा विद्यार्थीका विचार बुझेर, उनीहरूकै अनुभवका आधारमा शिक्षकका विशेषताहरू खोजी गर्नु यस लेखको मूल उद्देश्य रहेको छ । यहाँ घटना प्रतिक्रिया(फेनोमेनोलोजी) विधिको प्रयोग गरी अन्तर्वार्ताका माध्यमबाट तथ्य सङ्कलन गरिएको छ । सहभागीहरूबाट आएका तथ्यलाई मुख्य तीनवटा शीर्षकमा रही उनीहरूका केही भनाइलाई समेट्दै गुणात्मक पद्धतिअनुसार विश्लेषण गरिएको छ । यस अनुसन्धानमा शिक्षकको व्यक्तित्व र व्यवहार, विषयवस्तु सम्बन्धी पक्ष र विषयवस्तु पस्किने शैलीलाई शिक्षकका गुण पहिचानका आधार मानिएको छ । सहभागीहरूको विचारमा कुन विषयवस्तुलाई कसरी प्रस्तुत गर्ने भन्ने सन्दर्भमा शिक्षकले विद्यार्थीको पृष्ठभूमि बुझेर सबैलाई उपयुक्त हुने गरी समसामयिक समयसन्दर्भका प्रसङ्गहरूलाई जोड्दै शिक्षण गर्नु उपयुक्त हुन्छ । सबै विषयवस्तुका महत्त्वपूर्ण बुँदाहरूको स्लाइड बनाई प्रोजेक्टरको माध्यमबाट विद्यार्थीको अपेक्षानुरूप पढाउने र इन्टरनेटको प्रयोग गरी नयाँ-नयाँ कुराको खोज गर्न सिकाउने, समूहगत छलफल गराउने शिक्षकको शिक्षण विधि विद्यार्थीहरूले रुचाएका छन् । विद्यार्थीको रुचि र स्तर अनुसारको शिक्षणका लागि शिक्षक विषयवस्तुमा पोख्त भई प्रविधिमा उत्तिकै निपूर्ण हुनु आवश्यक छ । यस लेखले शिक्षण कार्यमा संलग्न शिक्षकहरूका साथै सरोकारवालाहरू सबैलाई सहयोग पुग्न सक्छ भन्ने अपेक्षा गरिएको छ ।*

***मुख्य शब्दावली:*** शिक्षकको व्यक्तित्व र व्यवहार, विषयवस्तुको गहनता, शिक्षण कौशल, निष्पक्ष मूल्याङ्कन, समय सान्दर्भिक प्रस्तुति

## विषय प्रवेश

गुणस्तरीय र सफल सिकाइका लागि शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ । विद्यार्थीले देखाउने व्यवहार, उनीहरूमा आउने व्यावहारिक परिवर्तन र सिकाइ उपलब्धिको प्रत्यक्ष प्रभावकको रूपमा शिक्षक र उसको शिक्षण शैली रहेको हुन्छ । शिक्षकको प्रभाव कक्षाकोठा भित्र मात्र सीमित नरही विद्यार्थीको समग्र जीवनमा नै गहिरो रूपमा परेको हुन्छ । नेपालमा, विशेष गरी ग्रामीण परिवेशमा, शिक्षकलाई राम्रा र उदाहरणीय व्यक्तित्वको रूपमा हेर्ने गरिन्छ । गाउँलेहरू शिक्षण बाहेकका अन्य विविध

*Copyright 2025 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

विषयहरूमा समेत शिक्षकसँग सल्लाह, सुझाव र परामर्श लिन आउने गर्दछन् । नागरिक समाजका अगुवा तथा समाजमा छुट्टै पहिचान बनाएका केही व्यक्तित्वहरूको अनुभूति सँगालिएका शिक्षक मासिकमा प्रकाशित भएका लेखहरू (शिक्षक टिम, २०६७ ख) मा पनि असल शिक्षकले विद्यार्थीको जीवनमा पार्ने प्रभावको उदाहरण देख्न सकिन्छ।

पाठ्यक्रमको अपेक्षा अनुरूपको उपलब्धि हासिल गर्न शिक्षक र विद्यार्थी दुवैमा व्यावहारिक परिवर्तन र सकारात्मक सोच हुनु आवश्यक छ । शिक्षकको विशेषता र शिक्षण कौशलका कारणले गर्दा विद्यार्थीलाई कुनै विषय पढ्न धेरै चाख लाग्ने र कुनै विषय हेर्नै मन नलाग्ने पनि हुन सक्छ । हामीले हाम्रो शिक्षण क्रियाकलापमा के-कस्ता कमजोरी छन्; विद्यार्थीमा नेपाली विषयप्रति के कारणले उत्साह देखिँदैन, उनीहरू कस्तो प्रकारको शिक्षक र शिक्षण चाहन्छन् भन्ने कुराको जानकारी लिनु आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धि सन्तोषजनक नहुनुका विविध कारणहरूमध्ये त्रिविको व्यवस्थापन तथा प्राध्यापनरत शिक्षकहरू पनि एक हुन । त्रिविको स्नातक तथा स्नातकोत्तर तहका विगतका परीक्षाफल समग्र नेपाली शिक्षामा अध्ययनरत विद्यार्थीहरूले अपेक्षित उपलब्धि हासिल गर्न सकेका छैनन् भन्ने प्रस्ट देखिन्छ । यसमा शिक्षकको पनि काहीँ न काहीँ कमजोरी रहेको हुन सक्छ । विद्यार्थीको शैक्षिक जीवनसँग जोडिएका शिक्षकको सम्बन्ध सम्बन्धित विभागका शिक्षक र अन्य विषय र विभागका शिक्षक; विद्यार्थी-अभिभावक तथा समाजसँग सुमधुर प्रकृतिको भयो भने विद्यार्थीलाई पाठ्यक्रमको उद्देश्यअनुरूप सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुग्दछ । शिक्षण र शिक्षकको प्रभावकारिताको बारेमा शिक्षक स्वयमको स्वज्ञान, आत्मविश्वास, मूल्य, मान्यता र धारणाहरूका आधारमा उसले विषयवस्तुलाई कसरी बुझ्दछ र कसरी आफ्ना शिक्षण गतिविधि सञ्चालन गर्दछ भन्ने कुरामा भर पर्दछ (चाकोन, सन् २००५) किनभने शिक्षकलाई प्रभावकारी बनाउने कुरा शिक्षासँग सम्बन्धित धेरै विद्वान्हरूको लागि प्रमुख महत्त्वको विषय हो ।

प्रभावकारी शिक्षणका सम्बन्धमा एक शताब्दीभन्दा बढी समयदेखि विभिन्न अनुसन्धानकर्ताहरूले निरन्तर प्रयास गरिरहँदा पनि यससम्बन्धी विशिष्ट शिक्षण विधिहरू र विद्यार्थीहरूको सिकाइबिचको प्रत्यक्ष सम्बन्ध पत्ता लाग्न सकेको छैन (हाइबर्ट र ग्राउज, सन् २००७, पृ. १३) । आदर्श शिक्षकसम्बन्धी केही अध्ययनहरू भए पनि यसको बारेमा सही परिभाषा अहिलेसम्म हुन सकेको छैन (देवलिन र सामाविक्रेमा सन् २०१०) । नवीन खोजहरूले सफल शिक्षणका सम्बन्धमा शिक्षकको व्यक्तित्व र उसको क्षमता गरी दुई विशेषताहरूका बारेमा प्रकाश पारे तापनि प्रायजसो अध्ययनहरू विद्यार्थीको विचारभन्दा शिक्षकको अभ्यास र विचारमा बढी केन्द्रित भएको देखिन्छ (बेसुइजेन र अन्य, सन् २००१, पृ. १८५) कतै-कतै शिक्षक -विद्यार्थीको सम्बन्ध र व्यवहारमा पनि प्रश्न उठ्ने गरेका छन् । जसका कारण विद्यार्थीको सिकाइमा मात्र होइन समाजमा पनि शिक्षकलाई हेर्ने दृष्टिकोणमा नकारात्मक प्रभाव परेको देखिन्छ । यसै सन्दर्भमा विद्यार्थीहरू कस्तो शिक्षक र शिक्षण चाहन्छन् भन्ने कुरा पत्ता लगाउन शिक्षाशास्त्र सङ्काय (शि.स.) अन्तर्गत स्नातकोत्तर तहमा अध्ययनरत नेपाली विषयका विद्यार्थीहरूको विचारमा असल शिक्षकका विशेषता र उनीहरूको शिक्षण क्रियाकलाप केलाउँदै प्रभावकारी शिक्षकको खोजी गर्ने प्रयास गरिएको छ ।

## सम्बन्धित कार्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

शिक्षकप्रति विद्यार्थीहरूको अनुभूतिमूलक धारणासम्बन्धी सामान्य प्रकृतिका लेखहरूविभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । ती लेखहरू (दाहाल,२०६६, शिक्षक टिम,२०६७ क, शिक्षक टिम,२०६७ ख, शर्मा,२०७४, शिक्षा संसार,२०७६, कुँवर, २०७६, देवकोटा,२०७७) मा विद्यार्थीमा अपेक्षित

सिकाइ उपलब्धि हासिल गर्न शिक्षकको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ भन्ने कुरा प्रस्तुत भएका छन् । यसै सन्दर्भमा थापा (२०७५) ले 'शिक्षक मासिक'मा लेख प्रकाशन गरेकी छन् । उनकाअनुसार शिक्षकको व्यक्तित्वले विद्यार्थीको मनोविज्ञानमा गहिरो प्रभाव पार्छ। शिक्षकको बानी, बोली वचन, समय व्यवस्थापन, लवाइखवाइ आदिको अनुकरण गर्दै उनीहरूको बाहिरी आवरणबाट बालबालिकाले प्रशस्त सिक्ने गर्दछन् । शिक्षकले विषयवस्तुसम्बन्धी ज्ञान प्रदान गर्न र विद्यार्थीलाई राम्रा व्यवहार सिकाउन शिक्षकको व्यक्तित्वले महत्त्वपूर्ण भूमिका खेल्दछ।कोर्ताजि र जिन (सन् १९९६) ले चिनिया विश्वविद्यालयका विद्यार्थीहरूमा सर्वेक्षण गर्दै असल शिक्षकका गुणहरु के-के हुन् भनेर खोजी गरेका थिए; जसबाट उनीहरूले असल शिक्षकका ५ मुख्य गुणहरू (विषयवस्तुको गहिरो ज्ञान, धैर्यता, रसिकपन, उदाहरणीय नैतिक आचरण र मैत्रिपूर्ण व्यवहार) निरूपण गरेका छन् । यसैगरी जिन र कोर्ताजि (सन् १९९८) ले बेलायती र चिनिया विद्यार्थीहरूका आदर्श शिक्षकसम्बन्धी धारणाहरू केलाएका छन । यस अध्ययनबाट पश्चिमी र पूर्वीय संस्कृतिमा हुर्किएका विद्यार्थीमा शिक्षण र शिक्षक प्रतिको धारणामा केही अन्तर रहेको देखाइएको छ । यसैगरी रेमण्ड (सन् २००८) ले अरब खाडी क्षेत्रका विश्वविद्यालय स्तरका विद्यार्थी र शिक्षकको दृष्टिकोणका आधारमा असल र खराब शिक्षणसम्बन्धी अनुसन्धान गरेकी छन् । उनले विश्वविद्यालयका उत्कृष्ट प्राध्यापकमा सम्मानजनक व्यवहार, रुचिपूर्ण कक्षा सञ्चालन, निष्पक्ष मूल्याङ्कन, विद्यार्थी सफलताको ख्याल राख्ने, माया र सद्भाव, मैत्रीपूर्ण व्यवहार, अन्तरक्रिया र छलफललाई प्रोत्साहन दिने, पूर्व तयारीका साथ कक्षा सञ्चालन र कक्षा व्यवस्थापन गर्ने र सिकाइ सहजीकरणको वातावरण मिलाउने आदि जस्ता गुणहरू हुनुपर्ने बताएकी छन्। प्रभावकारी शिक्षणमा शिक्षकको व्यक्तित्व र क्षमता दुवैको मिश्रण भए तापनि उनको अनुसन्धानमा संलग्न सहभागीहरूद्वारा शिक्षकको व्यक्तित्वलाई बढी प्राथमिकता दिइएको देखिन्छ।को, सामोन्स र बाकुम (सन् २०१६) ले पनि प्रभावकारी शिक्षणसम्बन्धी समीक्षात्मक प्रतिवेदन तयार पारेका छन् । यसमा उनीहरूले प्रभावकारी शिक्षणसम्बन्धी चर्चा गर्दै शिक्षकमा हुनुपर्ने विभिन्न गुणहरू र गर्नुपर्ने कार्यहरू सुझाउनुका साथै राम्रा शिक्षणसंस्थाहरूले के-के गर्नुपर्छ भनेर पनि उल्लेख गरेका छन्। यसैगरी चान (सन् २०१८) ले हङकङका उच्च शिक्षामा अध्ययन गर्ने विद्यार्थीहरूसँग अर्ध संरचित अन्तर्वार्ताका माध्यमबाट गुणात्मक तथ्याङ्क लिएर प्रभावकारी शिक्षण र असल शिक्षकसम्बन्धी विशेषता पहिल्याएका छन् ।

सफल शिक्षकको विशेषताका सम्बन्धमा पहिलेदेखि पढ्दै आएका कुराहरूको सामान्य चर्चा गरिएका पुस्तक तथा लेखहरू र विद्यार्थीको जीवनमा मात्र नभई समाजमा छुट्टै पहिचान र प्रभाव छोड्न सक्ने केही प्रभावकारी शिक्षकको प्रशंसामूलक सामान्य लेखहरू प्रकाशन भएका छन् । गिरी र अन्य (२०८१) ले त्रिविको शि.स. अन्तर्गत सञ्चालन भइरहेको शिक्षण अभ्यास कार्यक्रमसँग सम्बन्धित भई लेख प्रकाशन गरेका छन् । सुपरिवेक्षक, शिक्षक तथा स्नातक, अधिस्नातक र स्नातकोत्तर तहमा अध्ययनरत छात्रशिक्षकको दृष्टिकोणमा आधारित उक्त लेखमा सुपरिवेक्षक तथा छात्रशिक्षकको लगनशीलता, नियमितता र समर्पणको कमीका कारण शिक्षण अभ्यास कार्यक्रमको अपेक्षा अनुरूपको कार्य पूरा नभएको उल्लेख गरिएको छ । यसैगरी अधिकारी(सन् २०२१) का अनुसार त्रिविको एम.एड. सेमेस्टर प्रणालीमा दश प्रतिशतभन्दा कम विद्यार्थी मात्र उतीर्ण हुने गरेका छन् (पृ. १४२) । उनका अनुसार नाम मात्रको प्रवेश परीक्षा लिने परिपाटी तथा सबैभन्दा कम उत्तीण प्रतिशत र कम ग्रेड प्राप्त गरेका विद्यार्थीलाई नेपाली शिक्षामा समावेश गर्ने परिपाटीका कारण त्रिवि एम. एड. नेपाली विषयको साख घटेको छ । उनी शिक्षकहरूले विद्यार्थीको सिकाइ समस्याको पहिचान गरी पृष्ठपोषण दिन नसक्नु न्यून नतिजाको कारक ठान्दछन् । अनुसन्धानकर्ताको अध्यापन अनुभवमा पनि विद्यार्थीहरू यहाँको शिक्षण व्यवस्थापन, शिक्षक छनोट प्रक्रिया, शिक्षकको शिक्षण कौशल, शिक्षकका गुण आदिजस्ता कुराप्रति असन्तुष्ट देखिएका हुनाले

अनुसन्धानकर्तालाई प्रभावकारी शिक्षकका क्षेत्रमा अनुसन्धान गर्न ध्यानाकर्षण भएको हो । यस क्षेत्रमा विदेशी अनुसन्धानकर्ताहरूद्वारा भने उतैको परिवेशमा आधारित केही परिमाणात्मक अनुसन्धानहरू गरिएको भए पनि हालसम्म नेपाली अनुसन्धानका क्षेत्रमा त्यसमा पनि नेपाली भाषामा विद्यार्थीहरूको दृष्टिकोणका आधारमा प्रभावकारी शिक्षकका सम्बन्धमा गुणात्मक ढाँचामा आधारित भएर अनुसन्धान उल्लेख्य भएको मैले पाइन । तसर्थ, यस क्षेत्रमा अनुसन्धान गरिएको हो ।

एक सफल शिक्षकको ज्ञान, शिक्षण रणनीति तथा आचरणलाई जनाउन प्रयोग गरिने पदावली प्रभावकारी शिक्षण हो । प्रभावकारी शिक्षण र विद्यार्थीहरूको सिकाइबिचको सम्बन्धलाई उपयुक्त ढङ्गबाट जोड्ने केही सिद्धान्तहरूको चर्चा गरिएको छ तर सन्दर्भ, स्थान तथा परिवेशअनुसार शिक्षणलाई प्रभावकारी बनाउन फरक तरिका अपनाउनुपर्ने भएको हुनाले यसका उपाय र उपयोगी सिद्धान्तहरू यी र यस्ता हुन् तथा हुनुपर्दछ भन्ने निश्चित उपाय र सिद्धान्तहरू अझै पनि विकास हुन सकेका छैनन् ( हाइबर्ट र ग्रुउज, सन् २००७, पृ. ३७३) । तैपनि हाइबर्ट र ग्रुउज लगायत धेरै विद्वानहरू प्रभावकारी शिक्षकहरूले विद्यार्थीहरूको प्रगतिमा प्रभाव पार्छन् भन्ने तर्क गर्छन् । प्रभावकारी शिक्षण एउटा यस्तो प्रक्रिया हो; जसमा शिक्षकले एकातिर पाठका उद्देश्यहरू सिकाउँछन् र त्यसलाई बुझ्छन् भने अर्कोतिर विद्यार्थीहरूले रमाइलो वातावरणमा आनन्दको भावसँगै रचनात्मक रूपमा सिक्छन् (को, सामोन्स र बाकुम; सन् २०१६) । यसका साथै यो महत्त्वपूर्ण सिपहरू सिकाउने, नयाँ अवधारणाहरू निर्माण गर्ने र कक्षाकोठाका अन्य व्यवस्थापकीय क्षमतासँग सम्बन्धित हुन्छ; जसले विद्यार्थीको शैक्षिक जीवनमा सकारात्मक प्रभाव पार्ने क्षमता राख्दछ (को, सामोन्स र बाकुम, सन् २०१६) । शिक्षणको प्रभावकारिता शिक्षकको रुचिमा पनि भर पर्दछ । त्यसैले शिक्षकले आफ्नो रुचिको विषयक्षेत्रमा प्रवेश गरेर नयाँ ज्ञान निर्माण गर्ने र विद्यार्थीहरूको विश्वास र बुझाइको स्तर वृद्धि गरी परिवर्तन गर्ने प्रक्रियालाई निरन्तर बढाउँदै लैजानुपर्दछ । सामान्यतया विद्यार्थीको नतिजा र शिक्षकका व्यवहार तथा कक्षाकोठा भित्रका क्रियाकलापहरूले विद्यार्थीमा लक्षित परिणाम प्राप्त गर्न उत्प्रेरित गर्दछन् भन्ने सन्दर्भमा केन्द्रित गरेर शिक्षणको प्रभावकारितालाई हेर्ने गरिन्छ (लुम्पकिन, सन् २०२०) । शिक्षण प्रभावकारी हुनका लागि भौतिक तथा शैक्षिक वातावरण उपयुक्त हुनु आवश्यक छ ।


प्रत्येक व्यक्तिभित्र आन्तरिक रूपमा रहेको कौशललाई उसको व्यक्तिगत विशेषताको रूपमा वर्णन गर्न सकिन्छ । व्यवहारवाद र संज्ञानवादका क्षेत्रमा असल शिक्षकको परिभाषा र विशेषतासम्बन्धी दृष्टिकोणहरू आधा शताब्दीभन्दा अगाडिबाट नै विकसित भएको पाइन्छ (सुल्मान, सन् २००४, काल्डर हेड, सन् १९९६, लोविक, सन् १९९४, वाक्सम्यान र वाल्बर्ग, सन् १९८६) । शिक्षकका विशेषतासँगै उसको व्यक्तित्व पनि जोडिएर आएको हुन्छ । व्यक्तित्व भनेको अवस्था तथा परिस्थितिगत कारकहरूद्वारा सिर्जित हुन्छ; जसले शिक्षकको व्यवहार र उसका कार्यहरू निर्धारण गर्दछ, त्यसलाई नै उसको व्यक्तित्व भन्न मिल्दैन भन्ने तर्क केही विद्वानहरूको रहेको छ । तर उक्त तर्कका आधारमा व्यक्तित्व सबै मानिसहरूमा हुन्छ भन्ने कुरा इन्कार गर्न सकिँदैन । व्यक्तित्वको परिप्रेक्ष्यमा, कलेज स्तर को प्रभावकारी शिक्षक त्यो हो; जसले निकटता, न्यानोपन, र उत्साह (तत्काल) आदि दृष्टिले विद्यार्थीसँग शिक्षकको शारीरिक र मनोवैज्ञानिक निकटता देखाउँछ (वाल्स र अन्य, सन् २००२, पृ. ४०) । क्षमताको दृष्टिकोणबाट, प्रभावकारी शिक्षकका महत्त्वपूर्ण कारकहरू दक्षता, जानकार र अनुभवी गुण हुनु हो ( बेइसुइसेन र अन्य, सन् २००१) । प्रभावकारी शिक्षकहरूलाई व्यवस्थित, तयार र स्पष्ट भएर कसरी प्रभावकारी सिकाइ वातावरण सिर्जना गर्ने भन्ने थाहा हुन्छ (वाल्स र अन्य, सन् २००२) । साथै उनीहरूले

विषयवस्तु प्रस्तुत गर्न विद्यार्थीको आवश्यकताप्रति संवेदनशील भई विद्यार्थीहरूप्रति मित्रवत् व्यवहार गर्दछन् ।

## शिक्षकका विशेषता

शिक्षकका विशेषताका बारेमा चर्चा गरिएका केही अनुसन्धान, लेखआदिको अध्ययनमा आधारित भएर चित्र १ को अवधारणात्मक ढाँचाअनुसार यस लेखलाई प्रस्तुत गरिन्छ ।

*चित्र १*.शिक्षकको विशेषता पहिचानका आधार




## अनुसन्धान विधि

विद्यार्थीहरूका जीवन्त अनुभूति अर्थात् अनुभवका आधारमा अर्थ र वास्तविकताको खोजी गरी समस्याको कारण पत्ता लगाउन गुणात्मक अनुसन्धानको घटना प्रतिक्रिया अध्ययन विधि उपयुक्त हुन्छ ( डेन्जिन र लिङ्कन, सन् २००५) । डेन्जिन र लिङ्कनको विचारका आधारमा विद्यार्थीको अनुभवलाई केन्द्रबिन्दुमा राखेर गरिने अध्ययनबाट विद्यार्थीहरूको दृष्टिकोण, अनुभूति, बुझाइ र व्याख्या मार्फत पर्याप्त विषयवस्तुको ज्ञान, सिप तथा शिक्षण शैलीको वास्तविकताका आधारमा प्रभावकारी शिक्षणको उपाय पत्ता लगाउन घटना प्रतिक्रिया (फेनोमेनोलोजी) विधि उपर्युक्त हुन्छ ।


यो लेख तयार पार्न काठमाडौं उपत्यका भित्रका छ वटा क्याम्पसबाट तथ्य लिइएको छ। छमध्ये प्रत्येक संस्थाबाट कम्तीमा एक जना पर्ने गरी आङ्गिक क्याम्पसको तर्फबाट दुई जना विद्यार्थी र एउटा लक्षित छलफल समूह रहेका छन् भने सम्बन्धन प्राप्त क्याम्पसको तर्फबाट एक-एक जना पर्ने गरी तीन जना विद्यार्थीहरूलाई असम्भावनात्मक तरिकाले नमुनाको रूपमा छनोट गरिएको छ। यस लेखको तथ्य सङ्कलनको मुख्य साधन अन्तर्वार्ता रहेको छ । छनोट गरिएका क्याम्पसमा सम्पर्क गरी त्यहाँ अध्यापनरत शिक्षकहरू मार्फत विद्यार्थीसँग सामान्य छलफल गरिएको छ। सामान्य परिचय, छलफल र कुराकानी पश्चात् तोकिएको निश्चित समयमा यस अनुसन्धानका प्रश्न र उद्देश्यमा केन्द्रित रहेर लक्ष्यभन्दा बाहिर छलफल वा कुराकानी नमोडियोस् भनी केही अर्ध संरचनात्मक प्रश्नावली पनि निर्माण गरी सबै जनासँग गहन छलफल गरिएको छ। एक पटकमा एक घण्टा तिस मिनेटदेखि दुई/सभा दुई घण्टा सम्मको लामो अन्तर्वार्ता लिइएको छ। अन्तर्वार्ता विभिन्न समय र दुई/तीन चरणमा लिइएको छ । लक्षित छलफल समूहमा सभा दुई घण्टासम्मको अन्तर्वार्ता एक पटक मात्र लिइएको छ। साथै व्यक्तिगत अन्तर्वार्तामा संलग्न सहभागीहरूमध्ये एक जना (सहभागी चार) सँग एक पटक प्रत्यक्ष भेटेर अन्तर्वार्ता

लिइयो भने उनी त्यसपछि उपत्यका बाहिर गएकी हुनाले दोस्रो र तेस्रो पटक क्रमशः जुम र म्यासेन्जरमा कुराकानी गरिएको छ। यसैगरी अर्का एक सहभागीको शारीरिक समस्याका कारण उनीसँग प्रत्यक्ष भेटेर कुराकानी गरेपश्चात् विषयवस्तुमा केन्द्रित भई दुई पटकसम्म जुमकै माध्यमबाट कुराकानी गरिएको छ भने अन्य सबै सहभागीसँग प्रत्यक्ष अन्तर्वार्ता दुई-दुई पटक लिइएको छ र आवश्यकता अनुसार मोबाइल फोनका साथै अन्य सम्पर्कका माध्यमबाट पनि छोटा-छोटा कुराकानी गरिएको छ। यसरीविभिन्न समय र चरणमा अन्तर्वार्ता लिई अडियो रेकर्डरको सहायताले रेकर्ड गरी प्राप्त सूचनालाई नेपाली भाषामा लिपिबद्ध गरिएको छ।

सहभागीहरूबाट अभिव्यक्त भएका तर यस अनुसन्धानको लागि आवश्यक नभएका र दोहोरिएका कुराहरूलाई हटाई आवश्यक कुराहरू मात्र राखिएको छ। परिष्कृत तथ्यमध्ये एक-अर्को व्यक्तिका तथ्य तथा सूचनाका बीचमा बारम्बार तुलना विधि (ग्लासेर र स्ट्राउस, सन् १९६७, चार्माज सन् २००६) र सामान्य आगमनात्मक विधि (थोमस, सन् २००६) को उपयोग गरी लिपिमा उतारेपछि पनि पटक-पटक हेरेर मात्र विश्लेषण गरिएको छ। विश्लेषणका क्रममामसिनो गरी नियाल्ने, प्रारम्भिक कोड निर्माण गर्ने, समूह बनाउने र शीर्षक खोज्ने, शीर्षकको मूल्याङ्कन गर्ने र परिवर्तन गर्ने, मुख्य शीर्षक निर्माण गर्ने र नामाकरण गर्ने जस्ताब्राउन र क्लार्क (सन् २००६, पृ. ८७) को गुणात्मक अनुसन्धानको तथ्य विश्लेषणका भिन्न-भिन्न प्रक्रियाहरूलाई अपनाइएको छ। यो अनुसन्धान विद्यार्थी, शिक्षक र शिक्षण संस्थासँग सम्बन्धित संवेदनशील विषयमा आधारित रहेको हुनाले सहभागी र अन्तर्वार्ताका क्रममा आएका सम्पूर्ण क्याम्पस तथा शिक्षकको परिचय गोप्य राखिएको छ।

**प्राप्ति र छलफल**

हामीले हालसम्म शिक्षाशास्त्रका विभिन्न विषयहरूमा पढ्दै आएका असल शिक्षकका गुणहरूमध्ये यस अनुसन्धानको शिलशिलामा सहभागीको तर्फबाट केही फरक र केही उस्तै प्रकारका गुणहरू आएका छन्। सहभागीहरूबाट प्राप्त शिक्षकका विशेषताहरूलाई चित्र २ मा आधारित भएर विश्लेषण गरिएको छः




*चित्र* २. प्रभावकारी शिक्षकका विशेषता

**शिक्षकको व्यक्तित्व र व्यवहार**

बालबालिकाको सपना र सम्भावनाहरूलाई वास्तविकतामा बदल्ने कला शिक्षकमा हुन्छ । कलाकै माध्यमबाट शिक्षकले विद्यार्थीको जीवनलाई खास बनाउने हुनाले उनीहरूको सिकाइ उपलब्धिमा शिक्षकको व्यक्तित्व र व्यवहारले महत्त्वपूर्ण भूमिका खेल्छ । यस सम्बन्धमा आकर्षक व्यक्तित्व र असल बानी-व्यवहार, मैत्रीपूर्ण सम्बन्ध, मिहिनेती र परिश्रमी, पेसाप्रति निष्ठावान, कर्तव्यनिष्ठ र उत्तरदायी भाव जस्ता गुणलाई समेट्ने कोसिस गरिएको छ ।

**आकर्षक व्यक्तित्व र असल बानी, व्यवहार**

शिक्षकको चेहरा देख्दै पढूँ-पढूँ लाग्ने हसिलो हुनुपर्छ । शिक्षक कक्षाकोठामा प्रवेश गर्दा विद्यार्थीहरूको पहिलो हेराइ शिक्षकको अनुहार र उसले लगाएको पहिरनमा पर्ने हुनाले शिक्षकमा हसिलो चेहरा र चटक्क मिलेको तथा आकर्षक पोसाक पनि हुनु आवश्यक छ (मैनाली, २०६७) ।यस सम्बन्धमा मैथिली मातृभाषी सहभागी भन्छिन्, 'हामीलाई पढाउने एकजना सरको चेहरा र व्यक्तित्व हेर्दै स्मार्ट, हसिलो र बोली पनि नेपालीमा प्रस्ट थियो, हामीलाई साह्रै माया गरेर, हाम्रा कुरा सुनेर, कहिलेकाहीँ कमेडी पनि गर्दै पढाउनुहुन्थ्यो । उहाँको विषयमा प्राय सबै पास हुन्थे ।' शिक्षकको सकारात्मक सोच, अनुकूल व्यक्तित्व र व्यवहारले विद्यार्थीको सिकाइमा राम्रो मनोवैज्ञानिक प्रभाव पर्दछ । त्यसैले शिक्षकले 'पेसागत उत्कृष्टता हाँसिल गर्न समग्रमा नौ नि (निष्पक्षता, निष्ठता, निर्भिकता, निष्कलंकता, निस्वार्थता, नियमितता, नीतज्ञता, निसंकोचता, निर्दिष्टता) लाई आत्मसात् गरेर व्यवहारमा उतार्नुपर्दछ' (कार्की, २०७९) । यस्ता विशेषताले युक्त शिक्षकले सर्वप्रथम शिक्षक, विद्यार्थी र पाठ्यक्रमको त्रिकोणात्मक सम्बन्ध सुधार गरी शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने गर्दछ ।

पूर्वीय मान्यतामा शिक्षकलाई आदर्श व्यक्ति र गुरु मानिन्छ । आदर्श शिक्षकका सम्बन्धमा सहभागी एकको अनुभवः 'एक जना नेपाली विषयका शिक्षक हुनुहुन्छ, उहाँ विषयवस्तुमा धेरै जानकार हुनुका साथै विद्यार्थीप्रति सदैव सहयोगी र दयालु हुनुहुन्छ । सबैले उहाँलाई माया गर्थे र सबैले उहाँको विषयमा धेरै राम्रो पनि गर्दछन् ।' विद्यार्थीलाई किताबमा जे छ त्यही पढाउने, लेखाउने, छलफल गराउने मात्र होइन भन्दै थापा (२०७५) ले पनि शिक्षकको व्यक्तित्व र व्यवहारलाई जोड दिएकी छन् । उनकाअनुसार 'बोली व्यवहार, आनीबानी, सरसफाइ र आचरणमा आफैं उदाहरण बनेर विद्यार्थीलाई ज्ञानवान, नैतिकवान, चरित्रवान र सीपयुक्त बनाउन सक्ने चाहिं असल शिक्षक हो ।'

शिक्षकको नकारात्मक व्यवहारले विद्यार्थीको दिमागमातत्कालीन मात्र नभई दीर्घकालीन रूपमा नै मानसिक असर पर्न सक्छ । यहाँ सहभागी छात्राहरू केही शिक्षकको गलत व्यवहारका कारण आफूहरूलाई मनोवैज्ञानिक असर परेको बताउँछन् । यस सम्बन्धमा सहभागी पाँच तितो अनुभव यसरी सुनाउँछिन् : 'पढाउने शिक्षकको मप्रतिको नराम्रो व्यवहारका कारण अहिलेसम्म मलाई उहाँको विषय पढ्न मन लाग्दैन । यदि कुनै साथीले उहाँको कुरा गर्दा समेत म रातभर निदाउन सक्दिनँ ।'उनको जस्तै तनाब अरू धेरै विद्यार्थीको पनि भएको कुरा अन्य सहभागीहरूले पनि बताएका छन् ।उच्च शिक्षामा शिक्षकको गलत नजर र व्यवहारका बारेमा प्रश्न उठाउँदा प्रयोगात्मक परीक्षा र आन्तरिक मूल्याङ्कनको नतिजामा तल/माथि हुने डरले यस्ता कुरा बाहिर नल्याएको लक्षित छलफल समूह बताउँछ । उमेरका हिसाबले निकै परिपक्व भएका शिक्षकले बारम्बार फोन गरेर छात्राहरूलाई दुःख दिने गरेको आरोप पनि उनीहरूले लगाएका छन् । उदाहरणका रूपमा लक्षित छलफल समूहभित्रका एक जना सहभागीको अनुभूति यस्तो छः

> कमल (परिवर्तित नाम)सरले राती-राती फोन गरेर हैरान लगाएपछि एक जना शिक्षक र साथीहरूको सल्लाहअनुसार फोन उठाउन छोडें । केही भनूँ भने पनि असाइन्मेन्टमा नम्बर

दिँदैनन् रे ! नभनूँ भने पछिका विद्यार्थीले पनि उही पीडा भोग्नुपर्ने; पढाउने गुरुबाट नै मानसिक तनाब भएपछि कसरी पढ्ने ?

यसैगरी सहभागी चारलेपनि साथीको पीडा यसरी सुनाइन् :

के गर्ने मेडम ! प्रमोद (परिवर्तित नाम) सरको कुरा भन्न त मन छ तर (लामो सास फेर्दै) केहीकथन सरको कानमा पर्यो भने म त मरे हुन्छ ।रीताको थेसिस गाइड हो उहाँ, सर त कि कोठामा बोलाउने, कि तेरो कोठामा आउँछु भन्ने रे ! रातको दस बजेपछि फोन गरिरहने, फोन नउठाए धम्क्याउँदै म्यासेज गर्नुहुन्छ रे ! अरूलाई भनिस् भने म तेरो थेसिसको भाइवा नै गरि दिन्न भन्नुहुन्छ रे ! फेरि हामीले गाइड छान्न र चेन्ज गर्नपनि पाइँदैन भन्ने नियम राखेका छन् । अब कसलाई पोखौँ हाम्रो पीडा ?

हाम्रो पूर्वीय मान्यतामा शिक्षकलाई एक अभिभावक मात्र होइन भगवानकै रूपमा लिइन्छ तर शिक्षकको यस प्रकारको व्यवहार शिक्षकको आदर्श, मूल्य र मान्यता विपरीत छ; अक्षम्य छ । नैतिक शिक्षाका कुरा, मनोवैज्ञानिक, अध्यात्मिक गुरुहरूका मार्गदर्शन जस्ता रोचक विषय प्रस्तुत गरी आफू पनि चरित्रवान् बन्दै फरक ढङ्गले विद्यार्थीको मन जित्नु शिक्षकको भूमिका हो पाण्डे (२०७३) तर यहाँ शिक्षकको चरित्रका कारण विद्यार्थीलाई मानसिक तनाव भएको पाइएको छ । त्यसैले शिक्षण प्रभावकारी हुन शिक्षकको व्यवहार राम्रो हुन आवश्यक देखिन्छ ।

**मैत्रीपूर्ण व्यवहार**

शिक्षकको भूमिका साथी र अभिभावक जस्तै हुनु आवश्यक छ । शिक्षक प्रभावकारी हुनको लागि ऊ असल चरित्रको हुनुका साथै विद्यार्थीसँग मैत्रीपूर्ण व्यवहार गर्ने हुनुपर्छ तर उच्च शिक्षामा पनि कतिपय शिक्षकहरूले यसको ख्याल नगरेको कुरा विद्यार्थीका प्रतिक्रियाबाट प्राप्त भएका छन् । भाषिक पृष्ठभूमि र मनोवैज्ञानिक असरका सन्दर्भमा सबै शिक्षकहरूले आफ्नो पढाइलाई राम्रो भन्दा-भन्दै पनि एक जना शिक्षकको व्यवहारका बारेमा सहभागी दुईको कुरा यस्तो छ:

म मैथिली मातृभाषी भए पनि केही शब्द बाहेक मेरो नेपाली भाषामा उच्चारण र पढाइ राम्रै छ तर हरि (परिवर्तिन नाम) सरले मलाई कहिल्यै राम्रो दृष्टिले हेर्नुभएन, मधेसी भनेर हेप्नुहुन्थ्यो; मलाई अहिले पनि दुःख लाग्छ । शिक्षा आयोगमा नाम निकाल्दा समेत ‘यसले गरिखान्छे जस्तो लागेको थिएन’ भन्नुभयो ।

यहाँ शिक्षकले विद्यार्थीका क्षमताको उचित मूल्याङ्कन गर्न नसकेको तथा भाषिक तथा धार्मिक-सांस्कृतिक पृष्ठभूमिका आधारमा विभेदपूर्ण विचार अभिव्यक्त गरेकोजस्तो देखिन्छ । शिक्षकले फरक पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई जातीय, लैङ्गिक, वैचारिक, वर्गीय समानताका दृष्टिले हेरी सबै प्रकृतिका पहिचानलाई स्वीकार गरेर यस प्रकारका पूर्वाग्रहीविचारलाई परिवर्तन गर्दै शिक्षकहरू सम्वेदनशील भई सही लेखाजोखा गर्न सक्ने भई बोल्नु र व्यवहार गर्नु आवश्यक छ । सादेघी र बाबइ (सन् २००९) पनि लेख्छन् : ‘शिक्षकको मैत्रीपूर्ण व्यवहारले विद्यार्थीलाई सिकाइका लागि डर, त्रासरहित वातावरण प्रदान गर्दछ; जसका कारण उनीहरूमा शिक्षक र उसले सिकाएका विषयवस्तुको बारेमा सकारात्मक सोच बन्दछ र उनीहरूले कुशलतापूर्वक सिक्न सक्छन् ।’

शिक्षक र विद्यार्थीहरूबिचको आपसी सम्बन्धलाई सुमधुर बनाउने र मिलनसार शिक्षकलाई सबैले रुचाउँछन् । यस सम्बन्धमा सहभागी तीनको अनुभव यस्तो छ : ‘सम्बन्ध पनि व्यक्ति विशेषमै फरक पर्ने रहेछ । प्रभात सर (परिवर्तित नाम) साह्रै मिलनसार र सहयोगी हुनुहुन्छ; उहाँको कसैसँग पनि नराम्रो छैन तर राजेश सर (परिवर्तित नाम) को चाहिँ शिक्षक-शिक्षक सम्बन्ध, शिक्षक- विद्यार्थीबिचको सम्बन्ध राम्रो देखिन्न ।’ यस्तै अनुभव सहभागी चारको पनि छ, ‘प्रवेश (परिवर्तित नाम) सर कक्षाकोठामा

गई सहपाठी शिक्षकको कुरा काट्ने, राजनीतिक आधारमा मात्र विद्यार्थीसँग सम्बन्ध राख्ने र केही सोध्यो भने उल्टै झपार्ने र आफैँ पढ भन्ने गर्दछन् ।' सम्बन्धित विभागका सबै शिक्षक, अन्य विषय र विभागका शिक्षक लगायत सबैसँगको शिक्षकको सम्बन्ध राम्रो हुनुपर्छ। मिल्दा विषयवस्तुमा सबै विषयका शिक्षकहरू एक आपसमा छलफल गरेर नवीन तरिका आदान-प्रदान गरेपछि मात्र कक्षाकोठामा प्रवेश गर्ने शिक्षकको शिक्षण कौशल पनि समयसान्दर्भिक र प्रभावकारी हुन्छ तर यहाँ यसको विपरीत सम्बन्ध देखिन्छ ।

**मिहिनेती र परिश्रमी**

ज्ञानको परिवेश, यसका दायरा र विषयवस्तुको सान्दर्भिकता समयअनुसार परिवर्तन हुनसक्छन् । त्यसैले शिक्षालाई परिणाममुखी बनाउन र शिक्षणलाई प्रभावकारी बनाउन शिक्षकले आफूलाई सदैव अधावधिक गर्दै जानुपर्छ । यसका लागि धेरै परिश्रम र मिहिनेतको आवश्यकता पर्दछ । यससम्बन्धमा सहभागी छ को विचार यस्तो छ: 'कोही शिक्षक एकदमै मिहिनेती हुनुहुन्छ। प्रकाश सर (परिवर्तित नाम) लाई सबै विद्यार्थीले रूचाउँछन् किनभने उहाँले जतिसुकै कठिन विषयवस्तुलाई पनि सहज तरिकाले सिकाउन सक्नुहुन्छ र हामीले नबुझेसम्म पाठलाई अगाडि बढाउनुहुन्न ।' तर अन्य विद्यार्थीका कुराकानीमा प्राय शिक्षकहरूले यस विषयमा पर्याप्त ध्यान दिन नसकेको जस्तो देखिन्छ। विषयवस्तुको तयारीका सम्बन्धमालक्षित छलफल समूह भन्दछ :

> प्रवीन (परिवर्तित नाम) सर त कुनै तयारी नै नगरी आउनुहुन्छ; उहाँलाई कोर्स कहाँ पुग्यो भन्ने समेत थाहा हुन्न । हामी आफैँ सन्दर्भ सामग्री खोजेर पढ्छौँ, उहाँको हातमा सधैँ त्यही एउटा किताब हुन्छ। त्यसकै कुरा हामीलाई सुनाउने मात्र हो उहाँ मात्र होइन यहाँ धेरैजसो शिक्षकचाहिँ झारो टार्ने नै छन् ।

यहाँ विद्यार्थीको मनोविज्ञानलाई ध्यानमा राखेर आफूले सिकाएको कुरा बुझुन् भन्ने उद्देश्यले रचनात्मक अभ्याससहितको क्रियाकलापले विद्यार्थीलाई मात्र होइन शिक्षकलाई पनि मिहिनेती बनाउन मद्दत पुऱ्याउँछ (पाण्डे,२०७३) भन्ने कुरामा शिक्षकको ध्यान गएको देखिएन । प्रत्येक दिन कक्षाकोठामा प्रवेश गर्नुपूर्व शिक्षकले सम्बन्धित पाठ्यवस्तुमा आधारित पाठयोजना निर्माण तथा उचित सन्दर्भसामग्रीको खोजी गरी तयारीका साथ विद्यार्थीसामु प्रस्तुत हुने हो भने शिक्षामा सकारात्मक परिवर्तन देख्न सकिन्छ ।

सहभागी छ को विचार यस्तो छ: 'कोही शिक्षक एकदमै मिहिनेती हुनुहुन्छ । प्रकाश सर (परिवर्तित नाम) लाई सबै विद्यार्थीले रूचाउँछन् किनभने उहाँले जतिसुकै कठिन विषयवस्तुलाई पनि सहज तरिकाले सिकाउन सक्नुहुन्छ र हामीले नबुझेसम्म पाठलाई अगाडि बढाउनुहुन्न ।' अध्यापनरत शिक्षकको यस किसिमको मिहिनेती र अध्ययनशील बानीले शिक्षक र विद्यार्थी दुवैमा सकारात्मक प्रभाव पार्दछ ।

**पेसाप्रति निष्ठावान र कर्तव्यनिष्ठ**

विद्यार्थीको शैक्षिक उपलब्धिका साथसाथै शैक्षिक कार्यक्रमको सफलतासँग प्रत्यक्ष सम्बन्ध रहेको हुनाले शिक्षण एकदमै संवेदनशील पेसा पनि हो। त्यसैले यस क्षेत्रमा पेसाप्रति निष्ठावान् र समर्पित शिक्षकको अपेक्षा राखिन्छ। पेसाप्रति सदैव निष्ठावान भई आफ्नो जिम्मेवारीलाई बहन गर्ने सम्बन्धमा यस अनुसन्धानमा सहभागीहरू मध्ये सहभागी पाँचको मात्र सकारात्मक धारणा आएको छ भने अन्य सबैले नकारात्मक प्रभाव परेको गुनासो गरेका छन् । पठनपाठन बाहेक अन्य जिम्मेवारीमा रहेका शिक्षकले अध्यापनलाई भन्दा अन्य जिम्मेवारीलाई बढी प्राथमिकतामा राख्ने हुनाले कहिले यो काम र कहिले ऊ कामको बाहनामा नियमित पढाइ नहुने गरेको कुरा सहभागीहरूले बताएका छन् । यससम्बन्धी सहभागी तीनको कुरा यस्तो छ : 'सर दैनिक क्याम्पस त आउनुहुन्न, परीक्षा, शोधको मौखिक परीक्षा, अध्यास

शिक्षण के-के मा बाहिर जाने हो रे ! अनि पढाउन त कहिलेकाहीँ भ्याएको बेलामा मात्र आउनुहुन्छ ।' माथिल्लो तहका सेमेस्टर प्रणाली अन्तर्गत अध्यापनरत शिक्षक स्वयं जिम्मेवार भई समयमै कार्य समापन गर्ने गरी योजनाबद्ध रूपमा अध्यापन कार्यमा संलग्न हुनु जरूरी छ । साथै यस सम्बन्धमा डीन कार्यालयबाट पनि एउटै शिक्षकलाई परीक्षा तथा अनुसन्धानको सुपरिवेक्षक, शिक्षण अभ्यासको बाह्य परीक्षक, अनुगमनकर्ता आदिको रूपमा पटक-पटक अनुमति दिने परिपाटीका कारण तोकिएको समयमाकेही विषयको पाठ्यक्रमले तोकेबम्मोजिम पठनपाठन भएको देखिँदैन । साथैएउटै शिक्षक कार्यरत संस्थाको विभिन्न पदीय जिम्मेवारीमा रहन सक्छ । यस्तो अवस्थामा आफ्नो कर्तव्यको पालना गर्दै समय व्यवस्थापनमा अत्यन्त संवेदनशील हुनु आवश्यक छ । कतिपय विषय शिक्षक शिक्षण संस्थाको अन्य पदीय जिम्मेवारीमा रहँदा विद्यार्थीको निरन्तर पठनपाठनमा प्रभाव पर्ने हुनाले सम्बन्धित शिक्षक स्वयं जिम्मेवार र कर्तव्यनिष्ठ हुनुपर्दछ ।अझ गम्भीर कुरा त सहभागी एक भन्छन्, 'मोहन सरहरूको पनि चुनाव आउन लाग्यो रे ! अनि पुगिहाल्यो नि, क्लासै हुँदैन ।'शिक्षण पेसा अपनाउने व्यक्तिले कुनै पनि राजनीतिक दलको सदस्यता लिन नमिल्ने व्यवस्था भए पनि त्यसको कार्यान्वयन नहुँदा त्रिविमा मात्र होइन सबै विश्वविद्यालयका शिक्षकहरू विभिन्न राजनीतिक दलका सदस्य बनेका छन् । यस्तो व्यवस्था नहटाएसम्म यसको असर पठनपाठनमा मात्र होइन पदीय जिम्मेवारी लिने-दिने प्रक्रियामा पनि भागबण्डा भइरहन्छ ।

सेवाभावका दृष्टिले शिक्षण पेसालाई अपनाएर पेसागत विकासमा निरन्तरता दिने शिक्षकले मात्र शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउन मद्दत पुर्याउँछ । ऊ आफू पनि यसै पेसाप्रति सन्तुष्ट हुन्छ र उसले यसै पेसालाई निरन्तरता दिन्छ तर कतिपय शिक्षकले यसलाई मुख्य पेसाभन्दा पनि अन्य विकल्पको खोजीमा अल्मलिने मेलोका रूपमा मात्र अपनाएको देखिन्छ । यससम्बन्धी रोचक कुरा सहभागी छबाट आएको छ, 'प्रवीन (परिवर्तित नाम) सरले पढाउँदै हुनुहुन्थ्यो; सुब्बामा नाम निकालेर जानुभयो ।' विश्वविद्यालय तहमा अध्यापन गरिरहेको एक शिक्षकले शिक्षण पेसालाईभन्दा नेपाल सरकारको सुव्वालाई महत्त्व दिएको यस घटनाका आधारमा सर्वसाधारण नेपाली समाजले मात्र होइन शिक्षित वर्गले समेत शिक्षण पेसालाई कसरी लिएका छन् भन्ने कुरा स्पष्ट बुझ्न सकिन्छ । हाम्रो समाजमा शिक्षण पेसाप्रति आकर्षण नभएको हुनाले पनि यो पेसाप्रति शिक्षक सन्तुष्ट नभएको देखिन्छ । जसका कारण शिक्षकले शिक्षणलाईभन्दा अन्य पेसालाई प्राथमिकतामा राखेका छन्। त्यसैले शिक्षण पेसाप्रति आकर्षण जगाउन सम्बन्धित निकायको ध्यान जानु जरुरी छ। यदि शिक्षकलाई शिक्षण पेसाप्रति सन्तुष्ट बनाइएन भने यो पेसा सधैँ अन्य गन्तव्यको चौतारी मात्र बन्ने सम्भावना देखिन्छ ।

**विषयवस्तु सम्बन्धी पक्ष**

विषयवस्तुका सम्बन्धमा यससँग सम्बन्धित समग्र पक्ष जोडिने भए पनि यहाँ विषयवस्तुमा पोख्तता, चिन्तनशील तथा नवीन खोज-अनुसन्धानमा संलग्न, शिक्षण सुधारमा निरन्तर प्रयास, विद्यार्थीको रुचि र स्तरका बारेमा सचेतता जस्ता पक्षलाई छोटकरीमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

**विषयवस्तुमा पोख्तता**

प्रभावकारी शिक्षकमा पर्याप्त विषयवस्तुको ज्ञान हुनु जरुरी छ ।विषयवस्तु सम्बन्धी गहिरो ज्ञान भयो र त्यसलाई सही तरिकाले प्रस्तुत गर्न सकियो भने शिक्षण सफल र प्रभावकारी बन्दछ । विश्वविद्यालय तहका कक्षामा शिक्षण सिपभन्दा शिक्षकको विषयवस्तु सम्बन्धी ज्ञानको पर्याप्तताले अझ महत्त्व राख्दछ । यस सम्बन्धमा लक्षियत छलफल समूहका सहभागीहरूको भनाइ यस्तो छ :

> विषयवस्तुको गहिराइ शिक्षकको प्रस्तुति शैलीले नै देखाउने रहेछ, हरि (परिवर्तित नाम) सरको विषयवस्तुमा ज्ञान धेरै नै छ र प्रस्तुति नि उस्तै तर कुशल (परिवर्तित नाम) सर लगायत यहाँका

केही प्राध्यापकहरू पाठ्यवस्तु र त्यसको क्रियाकलाप थाहा नपाई शैक्षिक सत्र कटाउने नि छन् ।

कतिपय शिक्षकका विषयवस्तुसम्बन्धी ज्ञानमा विद्यार्थीले प्रश्न उठाएका छन् । उदाहरणका लागि सहभागी चार भन्छिन् : 'पहिले त थाहा थिएन, यहाँ धेरैजस्तो राजनीतिक कोटाअनुसारका शिक्षकले चाहिँ विषयवस्तुका कुरा कम, बाहिरका गफ बढी गर्ने, विद्यार्थीसँग पनि स्टाफकै कुरा काट्न भ्याउने, घण्टी बिताउने पो हुँदोरहेछ ।'भिन्न-भिन्न शिक्षकको शिक्षण शैली फरक हुन सक्छ तर विषयवस्तुको ज्ञानमा चाहिँ कमी हुनुहुँदैन । यदि शिक्षकमै विषयवस्तुको ज्ञान कमी भयो भने विद्यार्थीका जिज्ञासा मेटाउने कार्यमा हामी असफल हुन पुग्छौँ ।

उच्च शिक्षाका विद्यार्थीहरूको ज्ञानको तह लगभग शिक्षक समान नै हुने भएकाले शिक्षकले कक्षाकोठा तथा कक्षाकोठा बाहिर जुनसुकै विषयको छलफल गर्दा विषयवस्तुको गहिराइमा पुगेर विश्लेषण गर्न सक्नुपर्छ । हाम्रा क्याम्पसहरूमा प्राध्यापनरत केही शिक्षकको विषयवस्तुमा पर्याप्तता छैन भन्ने कुराको जानकारी सहभागी तीनले यसरी दिए: 'दैनिक पढाउन त आउनुहुन्न नै तर पढाउने विषयवस्तुकै बारेमा पनि थाहा हुन्न उहाँलाई !' दैनिक पढाइरहने शिक्षकलाई अध्यापनको विषयवस्तु नै थाहा नहुने भन्ने कुरा शिक्षण पेसाका लागि निकै चिन्ताको विषय हो । विषय शिक्षकलाई आफूले पढाउने विषयवस्तुका बारेमा पर्याप्त तथा गहिरो ज्ञान हुनैपर्छ । बासो (सन् २०००), उडस्, बेडजीन्सकी, फ्रीज र येतन (सन् २०१२) का अध्ययनहरूले पनि सबै शिक्षकमा विषयवस्तुसम्बन्धी गहन ज्ञान हुनुपर्ने कुरालाई जोड दिँदै हाम्रो जस्तो पूर्वीय सभ्यता र संस्कृति भएको समाजमा आदर्श शिक्षकको मूल्य अझ धेरै भएको उल्लेख गर्छन् तर त्रिविका कतिपय शिक्षकले विषयवस्तुका साथै भाषिक शुद्धतामा पनि ध्यान नदिए जस्तो देखिन्छ । उदाहरणको रूपमा सहभागी एक एकजना शिक्षकको बारेमा यसो भन्दछन् : 'विषयवस्तुको के कुरा गर्नु, (हाँस्दै) श्यामपाटीमा लेख्दा नै बारम्बार कन्फ्युज हुनुहुन्छ उहाँ ।' शब्दभण्डारको ज्ञान, शुद्धोच्चारण सम्बन्धी क्षमता आदिमा सुधार गर्नुपर्ने जस्ता गम्भीर विषय विद्यार्थीले उठाएका हुनाले हामीहरू आफ्नो पेसाप्रति गम्भीर छैनौँ या हामीमा विषयवस्तुको पर्याप्त जानकारी छैन । यसले त्रिविमा शिक्षकका लागि पुनर्ताजकी तालिमको अभाव छ भन्ने देखाउँछ ।

**चिन्तनशील र नवीन खोज अनुसन्धानमा संलग्न**

प्रभावकारी शिक्षक आफू चिन्तनशील भई सिर्जनात्मक कार्यमा संलग्न हुन्छ र विद्यार्थीलाई पनि उसले सिर्जनात्मक र अनुसन्धानमूलक कार्यमा संलग्न गराउँछ । विद्यार्थीले गरेको कार्यमा हौसला र पृष्ठपोषण प्रदान गर्दै उनीहरूलाई नयाँ-नयाँ अनुसन्धानमा संलग्न गराउनका लागि प्रोत्साहन गर्नुपर्दछ । नवीन प्रकृतिका अनुसन्धानमूलक कार्यप्रति प्रोत्साहन गरिनुपर्दछ । अनुसन्धानका सम्बन्धमा सहभागी एकको अनुभव: 'हामीलाई अनुसन्धान विषय पढाउने शिक्षक बाहेक कुनै पनि शिक्षकले अनुसन्धान गर्न सिकाएकै छैनन् । एकजना शिक्षकले अनुसन्धानमूलक लेख लेख्न त भन्नुभयो तर तरिका सिकाउनुभएन, आफूले गरेको ठिक या बेठीक के भयो थाहा पाइएन ।'जुनसुकै तहका विद्यार्थी भए पनि आफूले गरेको नवीन कार्यप्रति सहपाठी, अग्रज तथा गुरुहरूको प्रोत्साहनले उसलाई अझ राम्रा कार्य गर्ने प्रेरणा मिल्दछ । त्यसकारण शिक्षकले आफू अध्ययन अनुसन्धानमा क्रियाशील रहँदै विद्यार्थीहरूलाई पनि प्रेरित गराउन सक्नुपर्दछ । खोज, अनुसन्धानका क्षेत्रमा नयाँपनको स्वीकारले पनि महत्त्वपूर्ण भूमिका खेल्दछ । प्रायजसो भइरहेको ढङ्ग, ढाँचामा मात्र हुने गरेका अनुसन्धानलाई भन्दा अन्तराष्ट्रिय स्तरका विश्वविद्यालयहरूमा चलेका नवीन ढाँचाका अनुसन्धानलाई पनि त्रिविका नयाँ पुस्ताले स्वीकार गर्दै नवीन प्रकृतिका अनुसन्धानमूलक कार्यलाई प्राथमिकताका साथ प्रोत्साहन गरिनुपर्दछ ।

**शिक्षण सुधारमा निरन्तर प्रयास**

प्रभावकारी शिक्षक सधैँ आफ्नो पेसाप्रति निष्ठावान रही शिक्षणलाई कसरी राम्रो बनाउने भन्ने विषयमा चिन्तनशील र क्रियाशील हुन्छ । नेपालको सन्दर्भमा विद्यालय तथा विश्वविद्यालय तह दुवैमा सिकाइको स्तर सोचेअनुरूप हुन सकेको छैन । शिक्षकले चाहेको खण्डमा सुधारका सम्भावनाहरू प्रशस्त छन् तर प्राय शिक्षकहरूमा त्यो नभल्किएको र उनीहरूमा भारो टार्ने प्रवृत्ति रहेकोआरोप विद्यार्थीहरूले लगाएका छन् । यसै प्रसङ्गमा सहभागी पाँच भन्छिन् : 'भरत (परिवर्तित नाम) सर एकदमै राम्रो पढाउनुहुन्थ्यो; पढाउने शैली उस्तै तर अरूले उहाँलाई सधैँ *गोरखा दक्षिणबाहु पाउने भो अब; यसपालिको शिक्षा पुरस्कार त भन तिम्रै हो* भन्दै खिसी गर्ने, उडाउने गर्नुहुन्थ्यो ।' यसरी विश्वविद्यालयका प्राय शिक्षक आफ्नो जिम्मेवारीलाई इमान्दारपूर्वक पूरा गर्ने, शिक्षण सुधार गर्न खोज्नेभन्दा पनि राजनीति गर्न र केही गर्न खोज्नेको खुट्टा तान्न बढी सक्रिय देखिन्छन्तर प्रभावकारी शिक्षकले आफ्नो शिक्षण सिकाइमा देखिएका कमीकमजोरीलाई कम गर्दै लैजानका लागि समय-समयमा आफ्नो अध्यापनप्रति विद्यार्थीको विचार बुझ्ने गर्दछ र सुधार पनि गर्दै जान्छ । शिक्षण सुधारसम्बन्धीउपायको खोजी गर्ने र त्यससम्बन्धी लेखहरूको माध्यमबाट सुधारको निम्ति आग्रह समेत गर्दछ ।

**विद्यार्थीको रुचि र स्तरका बारेमा सचेत**

विद्यार्थीहरूलाई उनीहरूको अभिरुचि, योग्यता र क्षमताअनुसार शिक्षा दिने, उनीहरूमा आत्मविश्वास जगाउने र कुनै दबाब वा डर बिना आफैं अध्ययन गर्न उत्सुक हुने गरी उत्प्रेरित गरिनु असल शिक्षणको विशेषता हो तर कतिपय अवस्थामा शिक्षकले पाठ्यक्रम सक्नेतिर मात्र ध्यान दिने र विद्यार्थीको रुचि र स्तरको ख्याल नगर्ने गर्दा पढाइ निरस र रुचिपूर्ण नहुने कुरा सहभागीबाट आएका छन् । यसै प्रसङ्गमा लक्ष्यित छलफल समूहकोभनाइ यस्तो छ, 'शिक्षकको ज्ञान के-कति छ भन्ने कुरा उसको हाउभाउबाट विषयवस्तु पस्कँन थाल्दा नै थाहा हुने रहेछ, विद्यार्थीको स्तर, रुचि र आवश्यकताको ख्याल गर्नुपर्ने हो प्रायजसो शिक्षकमा त्यो पाइँदैन ।' शिक्षकले विद्यार्थीको पृष्ठभूमि र स्तर बुझेर तदनुरूपको शिक्षण सिकाइ क्रियाकलाप गराउँदा शिक्षण प्रभावकारी हुन्छ ।

**शिक्षण विधि र क्रियाकलाप**

शिक्षण कौशल, निष्पक्ष मूल्याङ्कन र उचित पृष्ठपोषण, नवीन विधि र प्रविधिमा निपूर्णता तथा समय सान्दर्भिक प्रस्तुतिका साथै समसामयिक छलफल तथा प्रस्तुतिजस्ता पक्षलाई शिक्षण विधि र क्रियाकलाप अन्तर्गत सङ्क्षेपमा समेट्ने प्रयास गरिएको छ ।

**शिक्षण कौशल**

समयको मागअनुसार शिक्षणमा नयाँपन ल्याएर विद्यार्थीलाई प्रोत्साहन गर्नका लागि शिक्षकको शिक्षण कला र प्रविधिको आवश्यक मात्रामा प्रयोगले महत्त्वपूर्ण भूमिका खेल्छ । यस सम्बन्धमा सहभागी दुई भन्छिन्, 'प्रेम (परिवर्तित नाम) सर कक्षामा प्रवेश गरेपछि बिचबिचमा हँसाउँदै र उत्प्रेरणा दिँदै अन्तरक्रियात्मक तरिकाले विषयवस्तुलाई पानी-पानी बनाएर मात्र कक्षाबाट बाहिरिनुहुन्छ । विषयवस्तु पनि थोरै पस्किने तर मिठो ! पढ्न थालेपछि समय सकिएको पत्तै हुँदैन ।' शिक्षकले कक्षाकोठामा उपस्थित सबैखाले विद्यार्थीलाई सहज, रूचिपूर्ण र उत्साहपूर्ण वातावतणमा विषयवस्तु तथा त्यस दिनको पाठ्यवस्तुका बारेमा निपूर्ण बनाउन सक्ने क्षमता राख्यो भने मात्र शिक्षण सफल हुन्छ । अन्तरक्रियात्मक क्रियाकलापहरू गराउँदै नयाँ-नयाँ तरिकाबाट शिक्षण गरियो भने रुचिपूर्ण र प्रभावकारी हुन्छ ।किनकि अन्तरक्रियात्मक व्याख्यानले विद्यार्थीलाई विश्लेषण, मूल्याङ्कन र सिर्जना मार्फत उच्चतम तहको सिकाइमा संलग्न गराउँदछ (क्राथवोहल, सन् २००२) । ब्रोकफिल्ड (सन् २०१५) ले पनि विद्यार्थीलाई कसरी सिकाउने र

उनीहरूलाई कसरी अन्तरक्रियात्मक क्षमता वृद्धि गर्ने भन्ने कुरामा शिक्षक बढी कुशल हुनुपर्छ भन्ने कुरामा जोड दिएका छन् ।

**निष्पक्ष मूल्याङ्कन र उचित पृष्ठपोषण**

शिक्षकले पठनपाठनका क्रममा कक्षाकोठाभित्र अन्तरक्रियात्मक, प्रयोगात्मक र संवादात्मक तरिकाले अध्यापन गर्दै तत्काल मूल्याङ्कन गर्ने र उचित पृष्ठपोषण दिने गर्नुपर्दछ । यस सम्बन्धमा सबै क्याम्पसका सहभागीहरूले एकाद शिक्षक बाहेक निष्पक्ष र वस्तुनिष्ठ मूल्याङ्कन नभएको बताएका छन् । यस सम्बन्धमा केही सहभागीहरूका कुराः

सहभागी चारः'स्नातक चौँथो वर्षको व्यावहारिक लेखन तथा सम्पादन विषयमा बाह्य परीक्षकको तर्फबाट प्रतिवेदनको ढाँचा र लेख्ने तरिका बताई पुनर्लेखन गर्नुपर्ने सुझाव दिएपछि मात्र थाहा भयो लेख्ने तरिका नढाँटी भन्नुपर्दा ।' सहभागी पाँच - 'मेडम आजकाल त खै कता व्यस्त हुनुहुन्छ रे, पढाउन खासै आउनुहुन्न हामीलाई एउटा पनि असाइन्मेन्ट दिनुभएन, अनि के-को पृष्ठपोषण (हाँस्दै) ।' सहभागी दुईः 'औपचारिकताका लागि मात्र कक्षा प्रस्तुति गर्न लगाइयो; असाइन्मेन्टको पृष्ठपोषण पनि एक/दुई जना बाहेक कसैको पनि पाइएन ।' सहभागी तीनः 'अमृत (परिवर्तित नाम) सरले विद्यार्थी हेरेर अङ्क दिने हो । के-को कक्षा प्रस्तुति, के-को लेख (हाँस्दै) सबै गोली मार !' सहभागी एकः 'प्राय सबै शिक्षकको उही हो; असाइन्मेन्ट लेखेर बुझायो, के-कति मिल्यो ? कहाँ गल्ती भयो ? नभन्दिएपछि हामीले कसरी सुधार गर्ने ? एकैचोटि अङ्क नै आउँछ मेम !' विद्यार्थीको निष्पक्ष मूल्याङ्कन गर्ने सवालमा केन्द्रित छलफल समूहका विद्यार्थीहरूको अनुभव यस्तो छः प्रत्येक विद्यार्थीको के-कस्तो क्षमता छ ? भन्ने कुरै पत्ता नलगाई कुनै लेखबाट सारेर ल्याई थरथर काप्दै वाचन गरेर सुनाइएको प्रस्तुतिमा दशमा नौ दिन्छु भन्न् कत्तिको जायज छ ? मेडम् !

यसरी सहभागीहरूले विद्यार्थीको उचित मूल्याङ्कन नै नगरी आ.मू.को अङ्क प्रदान गरिएको, कक्षा प्रस्तुति नगरेका विद्यार्थीलाई कक्षा प्रस्तुतिमा अङ्क प्रदान गरिएको तथा कक्षाकोठामा उपस्थित नै नहुनेलाई उपस्थितिमा अङ्क प्रदान गरिएको कुराका उदाहरण दिँदै विद्यार्थीहरूले शिक्षक तथा विषयको नाम नै तोकेर शिक्षकहरूमा व्यक्तिगत र राजनीतिक प्रभाव परेको आरोप लगाएका छन् । खनाल (सन् २०१९) ले पनि आन्तरिक मूल्याङ्कनमा राजनीतिक तथा व्यक्तिगत प्रभाव परेको बताएका छन् । आन्तरिक मूल्याङ्कनका लागि दिइएका कार्य, प्रयोगात्मक कार्य, कक्षाकार्य तथा गृहकार्य परीक्षण गरिसकेपछि पनि शिक्षकले कुनै पनि पूर्वाग्रह नराखी विष्पक्ष तथा विस्तुनिष्ठ मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्नु आवश्यक छ ।

**नवीन विधि र प्रविधिमा निपूर्ण तथा समयसान्दर्भिक प्रस्तुति**

समयसँगै आएका नयाँ-नयाँ ज्ञान, सिप तथा विधि, प्रविधि आदिको नवीतम् जानकारी लिई त्यससम्बन्धमा शिक्षक निपूर्ण हुनु आवश्यक छ । शिक्षक नयाँ-नयाँ ज्ञान, सिप तथा विधि, प्रविधिमा जानकार नरहेको अवस्थामा ऊ सफल शिक्षक बन्न सक्दैन । विषयवस्तुका महत्त्वपूर्ण बुँदाहरूको स्लाइड बनाइ प्रोजेक्टरको माध्यमबाट पढाउने र इन्टरनेटको प्रयोग गरी नयाँ-नयाँ कुराको खोज गर्न सिकाउने, कहिलेकाहीँ इ-पुस्तकालयमा सामग्री खोज्न लगाई त्यसका बारेमा समूहगत छलफल गराउने शिक्षकको शिक्षण विधि विद्यार्थीहरूले रुचाएका छन् । यसै सन्दर्भमा सहभागी पाँचको विचार यस्तो छः 'एक जना सर चाहिँ कक्षाकोठामा पसेदेखि ननिस्किउञ्जेल एकोहोरो विषयवस्तुका कुरा मात्र गर्नुहुन्छ । स्लाइड पनि हुन्न, बाहिरको प्रसङ्ग र रोचक कुरा कहिल्यै आउँदैन, साह्रै अल्छी लाग्छ ।' यसबाट शिक्षकले अध्यापनमा प्रोजेक्टरको प्रयोग गरी रोचक ढङ्गबाट प्रस्तुति दिँदा विद्यार्थीले रूचाउने देखिन्छ । प्रविधिको प्रयोगका सम्बन्धमा सहभागी तीनको एउटा विषयको सकारात्मक अनुभव यस्तो छः

प्रजिता (परिवर्तित नाम) मेडमले केही सन्दर्भ सामग्री सहितका स्लाइड प्रस्तुतीकरण गर्दै पढाउनुहुन्छ; असाइन्मेन्टको पृष्ठपोषण दिई सुधार गरेर मात्र बुझाउन सुझाउनुहुन्छ; पाठसँग सम्बन्धित अनलाइनमा सामग्री खोज्न सिकाउनुका साथै सम्बन्धित सामग्री र स्लाइड इमेल पनि गर्नुहुन्छ र केन्द्रीय पुस्तकालयमा पनि हामीलाई जोड्नुभएको छ तर अन्य विषयको शिक्षण चाहिँ परम्परागत नै छ ।

नेपाली शिक्षामा विद्यार्थीको तर्फबाट धेरै नकारात्मक कुराहरू आइरहेको अवस्थामा यस किसिमको सकारात्मक अनुभूतिले नेपाली शिक्षाका शिक्षकको मनोवल उच्च रहने मात्र नभई विद्यार्थीको रुचि र पाठ्यक्रमको मर्मअनुरूप अध्यापन गर्ने केही शिक्षकहरूबाट हामीले प्रेरणा लिँदै आफ्नो शिक्षणमा सुधार ल्याउनु जरुरी छ। कुरिओस र इभ्रिपिडौ (सन् २०१३) को अध्ययनको निष्कर्ष पनि यससँग मिल्दो-जुल्दो छ। उनीहरूका अनुसार शिक्षण प्रविधिमा नयाँपन ल्याउन शिक्षकले आइसिटीको प्रयोगका साथै विद्यार्थीलाई गराउने क्रियाकलापहरू नयाँ-नयाँ तरिकाबाट तयार पारी उनीहरूलाई पनि इन्टरनेटका विभिन्न माध्यमको उपयोग गर्दै समूहगत तथा व्यक्तिगत कार्यमा सहभागी हुन प्रोत्साहन दिनुपर्दछ ।

समय अनुसार शिक्षकले आफूलाई नयाँ-नयाँ प्रविधिमाअध्यावधिक गर्नुपर्छ । मगर (२०७९) भन्छन्, “कतिपय पुराना शिक्षक नयाँ शिक्षकजति प्रविधिमैत्री छैनन्” तर नयाँ पुस्ताका शिक्षकहरू पनि प्रविधिमा कमजोर भएको पाइएको छ। सहभागी चारका अनुसार, ‘सबैभन्दा नयाँ पुस्ताकी शिक्षक भएर पनि सीता (नाम परिवर्तन) मेडमले लकडाउनका बेला मोबाइलबाट मौखिक रूपमा किताब हेर्दै त्यहाँ लेखेको पढेर मात्र सुनाउनुभयो, अहिले पनि उहाँलाई प्रविधिका बारेमा केही थाहा छैन ।’ सिक्ने अवसर पाउँदा पनि शिक्षकले समय सान्दर्भिक हुन नचाहेको आरोप सहभागीले लगाएका छन्। समयसँगै विकसित भएका आधुनिक ज्ञान एवं सीपको अध्ययन, अनुसन्धान र कार्यान्वयन गर्नु गुरुका प्राज्ञिक गुणहरू हुन् (फ्रेस न्युज नेपाल,२०७९) । शिक्षण पेसामा आवद्ध भइसकेपछि आफ्नो जिम्मेवारी र कर्तव्य पूरा गर्नका लागि शिक्षकले समयनुसार अध्यावधिक हुनु आवश्यक छ ।

**समसामयिक छलफल तथा प्रस्तुति**

कक्षाकोठामा विषयवस्तुको मात्र कुरा नगरेर कहिलेकाहीँ शिक्षण सिकाइसँग सम्बन्धित समसामयिक घटना र विभिन्न प्रसङ्गका बारेमा पनि छलफल तथा संवाद गराउनु पर्दछ। विषयवस्तु पस्कँदा शिक्षकले समय सान्दर्भिक भएर प्रस्तुत गर्यो भने शिक्षण प्रभावकारी बन्छ । यस सम्बन्धमा सहभागी चारको सकारात्मक र अल्छीलाग्दो दुवै अनुभवः उषा (परिवर्तित नाम) ‘मेडमले विषयवस्तुका साथै समसामयिक बहस, बाहिरी कुराको जानकारीसँगै शिक्षालाई जीवनोपयोगी बनाउने कुरा जोड्दै पढाउनुहुन्थ्यो; कक्षा रुचिपूर्ण हुन्थ्यो तर मुकेश सर विषयवस्तुमा राम्रो भए पनि धाराप्रवाह रूपमा एकोहोरो पढाउने, टाउको भारी भए झैँ हुन्छ ।’ अध्यापनका क्रममा तहसँग सम्बन्धित समसामयिक घटना तथा गतिविधि, सान्दर्भिक सूचनाहरूका बारेमा छोटो समय निकालेर छलफल तथा अन्तरक्रिया गराइयो भने कक्षा पनि रुचिपूर्ण हुने र विद्यार्थीले पनि महत्त्वपूर्ण सूचना पाउँछन् । शिक्षकमा पर्याप्त विषयवस्तु छ भन्दैमा एकोहोरो खन्याउन खोज्दा विद्यार्थीले नरुचाउन सक्छन् । समसामयिक बहसका प्रसङ्गहरू जोड्दै कक्षालाई प्रेरित गराइयो भने विद्यार्थीको रुचि जाग्छ तर समसामयिक बहसको सम्बन्धमा सहभागी एकको अनुभव फरक छः समसामयिक सन्दर्भका कुरा पनि कुनै-कुनै शिक्षकले जोड्नुहुन्छ तर फलानोले यसो भन्यो, उसो भन्यो भनेर कुरा काट्ने चाहिँ हुन्छ ।’ अध्यापनको विषयवस्तुसँग जोडेर समसामयिक छलफल गर्दा अवश्यक र उपलब्धिमूलक सन्दर्भ मात्र पस्कनु उपयुक्त हुन्छ । यसले विद्यार्थीमा सकार ात्मक, सही र महत्त्वपूर्ण प्रभाव पार्दछ ।

## निष्कर्ष

सङ्क्षेपमा यस अनुसन्धानबाट प्राप्त प्रभावकारी शिक्षकका विशेषताहरूलाई यसप्रकार समेट्न सकिन्छ : भाषिक, स्थानिक, धार्मिक, सांस्कृतिक आदि भिन्न पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई समान दृष्टिले हेरी समान व्यवहार गर्न सक्ने; आत्मविश्वासी तथा मैत्रीपूर्ण सम्बन्ध कायम राख्न सक्ने; एक आपसमा सहयोगी; हाँसेर बोल्ने, विषयवस्तुमा पोख्त भई रुचि र स्तरको ख्याल गरी शिक्षण गर्ने; यसका साथै विषयवस्तुलाई बुझाउन सक्ने क्षमता र चाहना; जागिरे मनोवृत्ति त्यागेर सेवामूलक ढङ्गबाट नवीन कुरा सिकाउन सक्ने; शिक्षण कौशल र कलायुक्त; कक्षाका सबै विद्यार्थीलाई पाठ्यक्रमको उद्देश्य अनुरूप सिकाइ उपलब्धि हासिल गराउन सक्ने; अरुलाई पनि अगाडि बढाउन चाहने र नयाँ विषय तथा प्रविधिमा इच्छुक, जानकार तथा निपूर्ण; सिक्न सिकाउन जागरुक; शिक्षण सुधारमा अगाडि बढ्ने; निरन्तर शिक्षण सिकाइमा लागिरहने; परिश्रमी र मिहिनेती; आफ्नो पेसाप्रति निष्ठावान् र कर्तव्यनिष्ठ, दायित्वप्रति जिम्मेवार तथा उत्तरदायी; राष्ट्रिय तथा समसामयिक मुद्धा र समग्र शिक्षाप्रति चिन्तनशील हुनु आदि ।

विद्यार्थीहरूले शिक्षकसँग र विद्यार्थी-विद्यार्थीबिचमा अन्तरक्रिया र छलफलको माध्यमबाट विषयवस्तुको गहिराइ र त्यसको निष्कर्षमा पुग्न रुचाउने हुनाले उच्च शिक्षामा पनि प्राध्यापकहरूको प्रवचनमुखी कक्षाका कारण उनीहरूको संवादात्मक, प्रश्नोत्तरात्मक र सिर्जनात्मक क्षमता कुण्ठित भएको कुरा सहभागीको तर्फबाट आएको छ । विद्यार्थीलाई बढी सक्रिय बनाई प्रयोगात्मक तरिकाले समस्या समाधानमा सहभागी गराउने प्रमुख दायित्व शिक्षकको हो । शिक्षणलाई प्रभावकारी बनाउन पाठ्यक्रम र पाठ्यवस्तुमा मात्र सिमित नभई विभिन्न जानकारीमूलक तथा रोचक कुराहरू प्रस्तुत गर्दै कक्षालाई रुचिपूर्ण बनाउनु आवश्यक छ । शिक्षकले विषयवस्तुमा गहन अध्ययन गरी पूर्वतयारीका साथ सकेसम्म अन्तरक्रियात्मक तथा प्रयोगात्मक तरिकाले अध्यापन गर्नु आवश्यक देखिन्छ । यसका साथै विद्यार्थीलाई व्यक्तिगत र समूहगत कार्य, कक्षाकार्य, गृहकार्य, परियोजना कार्य आदि दिनुपूर्व र दिएपछि उनीहरूलाई गर्ने तरिका सहित प्रोत्साहन तथा हौसला प्रदान गरी नियमित रूपमा पृष्ठपोषण दिनुपर्ने देखिन्छ । तसर्थः शिक्षकले आफ्नो पेसागत उन्नयन गर्नुका साथै विद्यार्थीको इच्छा र आवश्यकतालाई ख्याल गर्दै विद्यार्थी केन्द्रित विधिअनुसार रुचिपूर्ण तरिकाले शिक्षण गर्नु पर्ने हुन्छ । यसो गरियो भने अवश्य पनि शिक्षण सिकाइमा अपेक्षित उपलब्धि हासिल हुन सक्छ ।

## कृतज्ञता ज्ञापन

यो लेख विश्वविद्यालय अनुदान आयोगको अनुसन्धान वृत्तिSRDIG-77/78-EDU-08 अन्तर्गत गरिएको अनुसन्धानमा आधारित छ । यस वृत्तिको लागि विश्वविद्यालय अनुदान आयोगप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै महत्त्वपूर्ण सल्लाह, सुझाव प्रदान गर्नुहुने विषय विज्ञ तथा अनुसन्धानमा संलग्न सहभागीहरूप्रति आभारी छु ।

## सन्दर्भ सूची

अधिकारी, बालकृष्ण (सन् २०२१), शिक्षाशास्त्र सङ्कायतर्फ सेमेस्टर प्रणाली न्यून नतिजा समस्या एक कारण अनेक,*Interdisciplinary Research in Education*, 6 (1), 136–152. https://doi.org/10.3126/ire.v6i1.43432

कार्की, बाबुकाजी (२०७९, साउन १६), गुणस्तरीय शिक्षा र शिक्षकको भूमिका, *आर्थिक राष्ट्रिय दैनिक,* https://www.aarthikdainik.com/view/68287/

कुँवर, नेत्रबहादुर (२०७६, असार २७), अभिभावक, विद्यार्थी र शिक्षकको सम्बन्ध, *नेपाल रैवार डट कम,*https://www.nepalraibar.com/blog/15224/

खनाल राजेन्द्र (सन् २०१९), सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कनप्रति विद्यार्थी दृष्टिकोण,*Education Quarterly*,3(1), 143-156.

गिरी, सुरेन्द्र, खनाल, दीपक, पौडेल, टीकाराम र रेश्मी, धनबहादुर (२०८१), शिक्षण अभ्यास कार्यक्रममा सुपरिवेक्षक, शिक्षक र छात्र शिक्षकको दृष्टिकोण, *विकासको निम्ति शिक्षा,* २७ ( १), १३९-१५६ । https://www.nepjol.info/index.php/bns/article/view/66556/ 51799

थापा, जुना (२०७५, फागुन १), विद्यार्थीको सिकाइ र व्यवहारमा शिक्षक-व्यक्तित्वको प्रभाव, *शिक्षक मासिक* ।

दाहाल, भोलाप्रसाद (२०६६), असल शिक्षक असल विद्यार्थी पनि हो, *शिक्षक मासिक,* वैशाख, अंक १३ ।

देवकोटा, हरिराम (२०७७, पुस ९) विद्यालयमा जीवविज्ञान पढाउने केही विधि र शैली, *शिक्षक मासिक* ।

न्यौपाने, महेश (२०७९, साउन ३), व्यवहार कसले परिवर्तन गर्ने ?,*सेतोपाटी अनलाइन पत्रिका,*https://www.setopati.com/blog/243566

पाण्डे, नम्रता (२०७३, पुस ११), यसरी बन्न सकिन्छ आदर्श शिक्षक, *अन्नपूर्ण पोष्ट,*https:// annapurnapost.com/news/61872-61872

फ्रेस न्युज नेपाल (२०७९, असोज २४), शिक्षक : व्यक्ति र व्यक्तित्व, *फ्रेस न्युज नेपाल* ।

मगर, सन्त गाहा (२०७९, साउन १०), कसरी सुधार्ने सरकारी विद्यालय?, *हिमाल खबर,* https:// www.himalkhabar.com/news/131345

मैनाली, गुरु (२०६७, असोज १), शिक्षकको पहिरन र त्यसले दिने सन्देश, *शिक्षक मासिक* ।

शर्मा, प्रतिभा (२०७४, पुस २३), प्रभावकारी सिकाइका लागि असल शिक्षकका गुणहरू, *एभरेष्ट दैनिक,* https://everestdainik.com/2018/01/145213/

शिक्षक टिम (२०६७ क), शिक्षक समीक्षा, *शिक्षक मासिक,* वैशाख/अंक २५

शिक्षक टिम (२०६७ ख), सफल नागरिकका असल शिक्षक, *शिक्षक मासिक,* कार्तिक/अंक ३१

शिक्षा संसार (२०७६, जेठ ८), *असल शिक्षकका विशेषता,*https://shikshasansar.com/2019/05/ 10011/

Basow, S. A. (2000). Best and worst professors: Gender patterns in students' choices. *Sex Roles*, 45, 407-417.

Beishuizen, J., Hof, E, Putten, C., Bouwmeester, S.,& Asscher, J. J. (2001). Students' and teachers' cognitions about good teachers. *The British Journal of Educational Psychology*, *71*(2), 185-201.https://doi.org/10.1348/000709901158451

Braun, V., &Clarke, V. (2006). Using thematic analysis in psychology. *Qualitative Research in Psychology*, *3*(2), 77-101. 10.1191/1478088706qp063oa

Brookfield, S. D. (2015). *The skillful teacher: On technique, trust, and responsiveness in the classroom* (3rd ed.). Jossey-Bass.

Chacón, C.T. (2005). Teachers' perceived efficacy among English as a foreign language teacher in middle schools in Venezuela. *Teaching and Teacher Education*, *21*(3), 257-272. https://doi.org/10.1016/j.tate.2005.01.001

Chan, W. (2018). Teaching in higher education: Students' perceptions of effective teaching and good teachers. *Social Sciences and Education Research Review,5*(1), 40-58.

Charmaz, K. (2006). *Constructing grounded theory: a practical guide through qualitative analysis*. SAGE Publications.

Cortazzi, M., & Jin, L. (1996). Cultures of learning: Language classrooms in China. In H. Coleman (Ed.), *Society and the language classroom* (pp. 169-206). Cambridge University Press.

Denzin, N., &Lincoln, Y. S. (2005). *The Sage handbook of qualitative research*. SAGE.

Glaser, B. G., & Strauss, A. L. (2006). *The discovery of grounded theory: Strategies for qualitative research*. Aldine Transaction.

Hiebert, J.,& Grouws, D. (2007). The effects of classroom mathematics teaching on students' learning. In F. Lester (Ed.), *Second handbook of research on mathematics teaching and learning* (pp. 371-404). Information Age.

Jin, L., & Cortazzi, M. (1998). Dimensions of dialogue: large classes in China. *International Journal of Educational Research*, *29*(8), 739-761.

Ko, J., & Shammons, P. (with Bakkum, L.). (2016), *Effective teaching* [review reoprt]. Education Development Trust.

Ko, J., & Shammons, P. (with Bakkum, L.). (2016). *Effective teaching* [review reoprt]. Education Development Trust.

Kourieos, S., &Evripidou, D. (2013). Students' perceptions of effective EFL teachers in university settings in Cyprus. *English Language Teaching*, *6*(11), 1-16.

Krathwohl, D. R. (2002). A revision of Bloom's taxonomy: An overview. *Theory into Practice*, 41, 212-218. https://doi.org/10.1207/s15430421tip4104_2

Lumpkin, A. (2020). Effective teaching and learning-A five-step process. *Journal of Education and Culture Studies*, *4* (3).10.22158/jecs. v4n3p32

Raymond, S. M. (2008). *Effective and ineffective university teaching from the students' and faculties perspectives: Matched or mismatched expectations?* [Doctoral dissertation, University of Exeter].

Sadeghi, K., & Babai, H. (2009). *Becoming an effective English language teacher: Living up to the expectations of L2 learners and teachers of English*. VDM Verlag.

Walls, R., Nardi, A., Minden, A.,& Hoffman, N. (2002).The characteristics of effective and ineffective teachers. *Teacher Education Quarterly*, 29, 39-48.

Woods Jr, R. H., Badzinski, D. M., Fritz, J. M. H., & Yeates, S. E. (2012). The "ideal professor" and gender effects in Christian higher education. *Christian Higher Education, 11*(3), 158-176.

## लेखक

**भागीरथा न्यौपाने** त्रिभुवन विश्वविद्यालय, सानोठिमी क्याम्पसमा नेपाली शिक्षा विषयको उप-प्राध्यापक हुनुहुन्छ । त्रिविको ग्राजुएट स्कूल अफ एजुकेशनमा नेपाली शिक्षा विषयमा विद्यावारिधिरत उहाँका विभिन्न जर्नलहरूमा अनुसन्धानमूलक लेखहरू प्रकाशित छन । नेपाली भाषाशिक्षणलाई प्रभावकारी बनाउने उपायको खोजीमा लाग्नु भएकी न्यौपानेले भाषानीति तथा योजना, मातृभाषा तथा बहुभाषा शिक्षा, भाषिक चिन्तनका क्षेत्रमा विषेश रुचि राख्नुहुन्छ ।